


# ज्वाला

लेखक चन्द्रकान्त आचार्य

उपन्यासको नाम :– ज्वाला
प्रकाशक :– श्रीमति निर्मला आचार्य
प्रकाशन मिति :– भाद्र २०५७
मूल्य :– १२५।–

# ज्वाला उपन्यास सरसर्ती हेरेपछि

*हेमराज ज्ञवाली*

हालै इन्जिनियर चन्द्रकान्त आचार्यज्यूले लेख्नुभएको नौलोखाले उपन्यास "ज्वाला" प्रकाशित भई बजारमा आएको छ। मस्कोबाट सन् १९७३ मा सर्भे इन्जिनियरिङ्ग गरी सन् १९७८ मा बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट जियोडेजि विषयमा स्नातकोत्तर गरेका आचार्य पढाइले प्राविधिज्ञ भएर पनि यस उपन्यासलाई पढिसकेपछि उहाँ एउटा राजनीतिक चेतना, मानवीय संवेदना र देश प्रेमले ओतप्रोत कवि हृदय भएको व्यक्तित्व पनि रहेको स्पष्ट थाहा हुन्छ।

प्राध्यापक गोपीकृष्ण शर्माको सामाजिक पर्यवेक्षणसहित निर्मला आचार्यद्वारा प्रकाशित सात अध्याय भएको सो उपन्यासको कथासारांश यस प्रकार छ( लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लाको सुन्दरपुर गाँउमा जन्मेको रमेश आफ्ना दाजु श्रुतिधरसँग बनारस पढ्न गई संस्कृतमा पूर्वमध्यमा र हाइस्कूल उत्तीर्ण गर्नुका साथै आइ.एस.सी. प्रथम श्रेणीमा उत्तीर्ण भएपछि घर फर्कन्छ। २०१७ साल पुस १ गते को परिर्वतनपछि देशमा प्रजातन्त्र ल्याउन २०१८ सालमा सशस्त्र क्रान्ति गर्नेमध्ये अर्घाखाँची जिल्लाको परिवारको भएको र उसका पिता पाल्पा जेलमा थुनिएका, दाजुहरू पनि राजनीतिमा होमिएका कारण उसलाई पनि आइ.एस.सी. पास गरेपछि समयमै काठमाडौं गई राम्रो छात्रवृत्ति प्राप्त गरी पढ्न जानुभन्दा राजनीतिक आन्दोलनमा सरिक भई देशमा प्रजातन्त्र ल्याउनका लागि मैले केही गर्नुपर्छ भन्ने भावनामा बगेर गाउँघरतिरै अल्मलिएकोमा उसका श्रद्धास्पद नेता ज्वालाबाट अहिले राजनीतितिर होइन विद्याध्ययनतिर लाग्नुपर्छ भन्ने स्पष्ट निर्देशन पाएपछि ऊ विद्याध्ययनका लागि रुसमा पढ्ने छात्रवृत्तिमा छानिई पढ्न जान्छ। त्यहाँ भाषा सिक्न युक्रेनको राजधानी कीभमा १ वर्ष बस्छ।

त्यहाँ त्यही इन्जिनियरिङ्गमा पढ्ने आफूभन्दा सिनियर साथी लेनासँग परिचय हुन्छ। उसले एकपटक रमेशलाई आफ्नो घरपरिवारमा पनि लग्दछे। एक वर्षको भाषा पढाइपछि ऊ मस्कोमा ५ वर्षे इन्जिनियरिङ्ग कोर्स पढ्न जान्छ। ऊ मेघावी छात्र हुदा इन्जिनियरिङ्गमा राम्रो अंक ल्याएर रेड डिप्लोमा (एम.इ.) पास गर्दछ। बीचमा छुट्टीमा पोल्याण्ड, जर्मनी र फ्रान्सको अलावा रुसका अन्य गणराज्यहरुको पनि भ्रमण गर्दछ। पढाइ सकेर फर्कनुअघि आफूलाई कीभमा हुदा सर्वप्रथम घर लगी आतिथ्य

दिने लेनाको घर जाँदा घरमा लेनाकी विधवा बूढी आमासँग मात्र भेट  हुन्छ । त्यसो भए पनि एक रात बूढी आमासँग बसी उनलाई उपहारहरू दिई ऊ नेपाल फर्कन्छ ।

नेपाल फर्किएपछि ऊ आफ्नो घरगाँउमा बस्दा पञ्चायतकालमा उसको पारिवारिक पृष्ठभूमिका कारण उसलाई पञ्चायतविरोधी गतिविधिमा लागेको भन्ने शंकामा वारेन्ट हुदा रमेशलाई केही समय भूमिगत बस्नु पर्दछ । आफ्ना आस्थाका केन्द्र नेता ज्वालालाई खोज्दा उनी प्रहरीद्वारा मारिएको खबर पाउँछ । त्यसपछि रमेशले नै ज्वाला बनी क्रान्तिको ज्वाला जगाउने प्रयत्नमा लाग्दछ । यसै बीच सरिता नामक स्थानीय बालिकासँग उसको बिहे गरिदिने परिबन्द पर्न आउँदा तिमी सानै छौ, धेरै पढेपछि मात्र बिहेको कुरा गर्न सुहाउँछ भन्ने सल्लाह दिई आफू अघिदेखि मनमा साँचेकी सुशिक्षित प्रतीक्षा नामक कन्यासँग बिहे गर्न पुग्दछ ।

त्यसपछि छैठौं अध्यायमा काठमाडौंस्थित अर्घाखाँची सम्पर्कमञ्चबाट दोश्रो सहस्राब्दीको मूल्यांकनसम्बन्धी विशेष पत्रिका निकाल्नेसम्बन्धी चर्चाको क्रममा त्यसमा राखिने राष्ट्रिय र अन्तर्राष्ट्रिय सामग्रीको चर्चा क्रममा पाठकलाई विश्व इतिहास र नेपालबारेका थरी(थरी सामग्रीबारे जानकारी दिइन्छ । त्यसै गरी पूर्व सोभियत संघ तथा स्वतन्त्र राष्ट्र मण्डल देशहरूबाट शिक्षा प्राप्त गरेका स्नातकहरूको एसियाली भेलामा रमेशले आफूले रुसमा पढेको बेला भेटेकी ६ वर्षे बालिका नताशा अमेरिकी नागरिकसँग बिहे गरी त्यहाँ भाग लिन आएको बेला भेटेर चिनेको प्रसँग मार्मिक ढंगले पेश गरिएको छ । त्यसै बेलामा सोभियत संघ ढल्नुका कारणहरूमा राम्रो विश्लेषण गरिएको पाइन्छ ।

त्यसपछि फेरि प्रसंग दोस्रो सहस्राब्दीको मूल्यांकनतिर लगेर तेस्रो सहस्राब्दी मानवमात्रका लागि कल्याणकारी होस् भन्ने कामना गरी त्यो प्रकाशन गरिने सामग्री टुंग्याउने निधो हुन्छ । यत्तिकैमा अघि प्रहरीद्वारा मारिएको भनिएका ज्वाला वर्तमान ज्वालाका घरमा प्रवेश गर्छन् । वास्तविक ज्वाला जसको असली नाम गुणराज हुन्छ ले आफ्नो कथा इतिवृत्त बताउँछन् । रमेशको आस्थाका केन्द्र ज्वाला (गुणराज) को विभिन्न कारणबाट राजनीतिक पतन देखे तापनि वर्तमान ज्वाला (रमेश) ले गुणराजलाई अझै पनि आफूले मिहिनेत गरेर अरूको सहयोग पुग्ने काम गर्न आग्रह गर्दै गरेको सत्कार्य कहिल्यै खेर नजाने सल्लाह दिन्छ ।

वर्तमान ज्वालाको प्रेरणा पाएर पुराना ज्वाला (गुणराज) ले पनि जनस्तरबाट भ्रष्टाचार हटाउने अभियान चलाएर आफू पनि साधारण रहन(सहनमा बसी उदाहरण बन्ने प्रयत्न गर्न थालेको कुरा पाठकलाई जानकारी दिँदै ज्वालाको अर्थ प्रकाश भएकाले समाजमा रहेको अन्धकारलाई हटाई जताततै ज्योति प्रस्फुटित गरिनु पर्ने

कुरा बताएर अन्तिम सातौं अध्यायमा यो उपन्यास टुंगिन्छ। यस उपन्यासमा मैले पाएका विशेषताहरू र कमी निम्न छन् :

१ २०१७ सालको परिवर्तनको विरोधमा र प्रजातन्त्र पुनर्वहाली गराउन त्यस बेला गुल्मी, अर्घाखाँचीमा भएको सशस्त्र क्रान्तिको बिर्सिएको पाटोको संभ्कना ।

२ रुसमा पढ्न जाने विद्यार्थीहरूको पढाइबारेको यथार्थ चित्र प्रस्तुत गरिदिएर यस उपन्यासले रुस पढेर फर्किएका हजारौं प्राविधिक जनशक्तिबारे पढाइमा कम ध्यान दिने, कम्युनिष्ट बन्न बाध्य हुनुपर्ने, चारित्रिक दुर्वलता हुने आदिका कुरा निरर्थक रहेको स्पष्ट गर्दै उनीहरुप्रति श्रद्धा र विश्वास सिर्जना गर्ने ।

३ सद्भाव, विश्व(वन्धुत्व, सरल सहृदय जस्ता विशेषताले परिपूर्ण रुसी जनजीवनको चित्रणद्वारा नेपालीको रुसी जनताप्रति अझ बढी प्रेम सद्भाव बढाउने ।

४ यस उपन्यासका नायक रमेशले रुसमा आफू पढ्न गएको बेला कीभमा आफ्नो घरमा निम्तो गरी लग्ने लेनाकी विधवा आमालाई पढाइ सकी फर्कने बेला गई भेटी एकरात बसेर उपहारसमेत दिई फर्केर नेपालीको सहृदयताको परिचय दिएका छन्। यसै घटनाबाट प्रभावित भएर लेना रमेशको रुसका परममित्रमध्ये एक भएकी छन्।

५ पढाइ सकी नेपाल फर्किएपछि रमेशले ज्वालाको रूप लिई समाजमा प्रकाश छर्ने प्रयत्न गरेको कुरा दर्शाउने प्रयत्न गरिएको छ तर यो त्यति प्रभावकारीरूपमा प्रस्तुत हुन सकेको छैन ।

६ सोभियत संघको पतनका कारणबारे विभिन्न पात्र र प्रसंगको माध्यमबाट राम्रो विश्लेषण गरिएको छ। यस कुराले नेपाली राजनीतिलाई पनि राम्रो शिक्षा हुन सक्छ।

७ नेपाली कम्युनिष्ट संगठनहरूको टुक्रिने क्रम र पदमा पुगेपछि भोग(विलासमा लागी जनताको हित बिर्सी निजी स्वार्थमा मात्र लाग्ने वर्तमान राजनीतिक प्रवृत्तिप्रति पनि कटु व्यंग्य यस उपन्यासमा पढ्न पाइन्छ।

८ देशको सर्वतोमुखी विकासमा राजनीतिक क्षेत्र मात्र होइन सामाजिक क्षेत्रबाट पनि ठूल्ठूला योगदान हुने कुरा यस उपन्यासले निष्कर्ष दिएको छ ।

९                    दोस्रो सहस्राब्दीको मूल्यांकन र तेस्रो सहस्राब्दीको शुभकामना भन्ने विषयमा छैठौं अध्यायमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा इतिहासका र वर्तमानका थरी(थरी विषय उप्काइएको छ। यो यस उपन्यासको कथावस्तुसित त्यति मेला खाँदैन र प्रभावकारी पनि छैन।

यस ज्वाला उपन्यासबारे आफूलाई लागेका उपर्युक्त विशेषताहरू र कमीको उल्लेख त यस उपन्यास पढ्न पाठकलाई उत्प्रेरणा दिने माध्यम बनोस् भनेर मात्र टिपोट गरेको हु। यस उपन्यासको वास्तविक तथ्य जान्न र राष्ट्रप्रेम र श्लील श्रृङ्गारको यत्र तत्र रसास्वादन गर्न त एकपटक यो उपन्यास आद्योपान्त पढ्नुपर्ने हुन्छ। नेपाल, भारत, रुस र युरोपका अन्य मुलुकका कथानकसमेत समेटेको प्रस्तुत उपन्यास पढिसकेपछि लेखकको सहृदयताको अवश्य खुलेर प्रशंसा गर्न मन लाग्नेछ।

ज्वाला उपन्यास
मिति  २०५७ भाद
निर्मला आचार्यद्वारा प्रकाशित